नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको अद्यावधिक सूचना . आ.व. २०८२।८३ (चौथो त्रैमासिकको)

१. विभागको स्वरूप र प्रकृतिः

आयुर्वेद चिकित्सा वैदिक कालदेखि शाश्वतरूपमा चल्दै आएको चिकित्सा पद्धति हो । वि.सं. १९७३ देखि गोश्वारा गौडामा आयुर्वेद औषधालय स्थापना गरी आयुर्वेदबाट स्वास्थ्य सेवा लिन सुरू गरिएको हो । नेपालमा सम्बत् १९७४ देखि आयुर्वेद चिकित्सालयको संस्थागत विकास भएको पाइन्छ । वि.सं. १९७४ वैशाख अक्षतृतीयादेखि चार शैयायुक्त नरदेवी आयुर्वेद चिकित्सालय नरदेवीमा स्थापना भएको हो। औषधि उत्पादन केन्द्रको रूपमा सिंहदरबार वैद्यखाना लिच्छविकालदेखि स्थापना भएको मानिन्छ। यसैगरी आयुर्वेद विभाग वि.सं. २०१० सालमा स्थापना भई पछि स्वास्थ्य सेवा विभागमा विलय भई लामो समय पश्चात् वि.सं. २०३८ असार ३१ मा आयुर्वेद विभागको रूपमा स्थापना भयो । हाल संघीय संरचना अनुसार आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको रूपमा टेकु, काठमाडौंमा रहेको छ।

२. विभागको काम, कर्तव्य र अधिकारः

- आयुर्वेद स्वास्थ्य सेवा व्यवस्थापन र प्रवर्धन सम्बन्धी कार्यहरू गर्ने ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग र सो अन्तर्गत सञ्चालित कार्यक्रमहरू तर्जुमा तथा समन्वय गर्ने।
- सरकारी तथा निजी आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको प्रभावकारिताको अनुगमन, निरीक्षण, स्वीकृति तथा आवश्यक मार्गदर्शन दिने ।
- आयुर्वेद र होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, आम्ची लगायत वैकल्पिक चिकित्सा सम्बन्धी नीति, गुणस्तर र मापदण्ड सम्बन्धी आवश्यक कार्यहरू गर्ने ।
- जडिबुटी संरक्षण, संवर्धन, प्रवर्धन र गुणस्तरीय आयुर्वेद औषधि उत्पादन, अनुसन्धान र नियमनका लागि सरोकारवाला निकायसँग समन्वयात्मक कार्य गर्ने ।
- अन्य दैनिक प्रशासनिक कार्यहरू सम्पादन गर्ने।

आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको संगठन संरचना

- **महानिर्देशकः** स्वास्थ्य आयुर्वेद जनरल ११ औं
- **जडिबुटी, औषधि एवं अनुसन्धान महाशाखाः** कन्सलटेन्ट भेषज विज्ञ ९/१० औं तहः १
- **आयुर्वेद चिकित्सा महाशाखाः** कन्सलटेन्ट आयुर्वेद विज्ञ ९/१० औं तहः १
- **वैकल्पिक चिकित्सा महाशाखाः** कन्सलटेन्ट आयुर्वेद विज्ञ ९/१० औं तहः १

शाखाहरूः

- **जडिबुटी तथा औषधि व्यवस्थापन शाखाः** आयुर्वेद चिकित्सक ८ औं तहः १, कविराज ५/६/७ औं तहः १

"मेरो स्वास्थ्य- मेरो जिम्मेवारी"

फोन ☎ नं. M ०१-५३५२५२५, ५३६७४२५, ५३६९९१०, ११
फ्याक्सM ०१-५३६९९१२
Email:doaa.gov.np@gmail.com
Website: www.doaa.gov.np

महानिर्देशक

- आयुर्वेद सेवा व्यवस्थापन शाखाः आयुर्वेद चिकित्सक ८ औं तहः १, कविराज ५/६/७ औं तहः १
- होमियोप्याथिक तथा आम्ची चिकित्सा शाखाः होमियोप्याथिक चिकित्सक ८ औं तहः १, आम्ची ४ औं तहः १
- आयुर्वेद स्वास्थ्य प्रवर्धन शाखाः आयुर्वेद चिकित्सक ८ औं तहः १, कविराज ५/६/७ औं तहः १
- अनुगमन, अनुसन्धान तथा समन्वय शाखाः आयुर्वेद चिकित्सक ८ औं तहः १, तथ्याङ्क अधिकृत रा.प.तृ.- १, कविराज ५/६/७ औं तहः १
- प्राकृतिक तथा अकुपञ्चर चिकित्सा शाखाः प्राकृतिक चिकित्सक ८ औं तहः १, अकुपञ्चर चिकित्सक ८ औं तहः १
- प्रशासन शाखाः उपसचिव रा.प.द्वितीयः १, शाखा अधिकृत रा.प. तृतीयः १, लेखा अधिकृत रा.प.तृतीयः १, ना.सु. रा.प.अनं. प्रथमः २ र क.अ. १, सह ले.पा. रा.प.अनं. द्वितीयः १, का.स.-५ र ह.स.चाः २

**३. विभागमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

हाल विभागमा देहाय बमोजिमका कर्मचारीहरू कार्यरत रहेका छन् ।

- ३.१ स्वीकृत कर्मचारी दरबन्दी संख्याः ३१ जना
- ३.२ स्थायी कर्मचारी दरबन्दी संख्याः २० जना
- ३.३ करार सेवा कर्मचारीः ५ जना

राष्ट्रिय आयुर्वेद पंचकर्म तथा योग सेवा केन्द्र, बुढानिलकण्ठ : करार तर्फ जम्मा ६ जना (चिकित्सक २ जना छात्रवृत्ति करार सहित)

**महाशाखागत काम, कर्तव्य र जिम्मेवारीहरूः**

**क) जडिबुटी, औषधि एवं अनुसन्धान महाशाखा अन्तर्गतः**

- **जडिबुटी तथा औषधि व्यवस्थापन शाखाः**
  - जडिबुटी सम्बन्धी नीति एवं मापदण्ड निर्धारण सम्बन्धी कार्य गर्ने।
  - औषधीय जडिबुटी तथा स्रोतहरूको संरक्षण, व्यवस्थित अभिलेखीकरण, प्रकाशनका साथै जडिबुटीहरूको बौद्धिक सम्पदा अधिकार संरक्षण।
  - आयुर्वेद लगायत औषधिहरूको गुणस्तर मापदण्ड निर्धारण गर्ने ।
  - आयुर्वेद औषधि उद्योग तथा जडिबुटी प्रशोधन केन्द्र स्थापना, सञ्चालन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने ।
  - जडिबुटी खनिज तथा जान्तव सम्बन्धी औषधीय अनुसन्धानमा सहयोग गर्ने ।

"मेरो स्वास्थ्य- मेरो जिम्मेवारी"

महानिर्देशक

- जडिबुटी एवं कच्चापदार्थको गुणस्तर निर्धारण एवं नियमन तथा विदेशबाट आयात हुने वा स्वदेशमा निर्माण गरिने आयुर्वेदीय औषधिहरूको गुणस्तर कायम गर्ने ।
- नेपाल आयुर्वेद भैषज्य संहिता (The Ayurveda Formulary of Nepal) को समसामयिक संकलन एवं प्रकाशन सम्बन्धी कार्य गर्ने ।
- व्यावसायिक जडिबुटी खेती र बजार व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
- जडिबुटी एवं तत्जन्य उत्पादनहरूको प्रदर्शनी, सभा, सम्मेलन, गोष्ठी लगायतका कार्यक्रमहरूमा सहभागी भई प्रदर्शन र सूचना प्रवाह गराउने व्यवस्था मिलाउने ।
- घरेलु जडिबुटी प्रयोगको प्रवर्धन गर्ने र जनचेतना अभिवृद्धि गर्ने ।
- अत्यावश्यक आयुर्वेद औषधि सूची तयार र परिमार्जनका साथै मूल्य निर्धारणमा सहजीकरण गर्ने ।
- आयुर्वेद औषधि सम्बन्धमा राय उपलब्ध गराउने ।

- आयुर्वेद स्वास्थ्य प्रवर्धन शाखाः
  - आयुर्वेद चिकित्सा अन्तर्गतका स्वस्थ आहार (Diet and Nutrition), विहार तथा आचार (Healthy Lifestyle), वातावरणीय स्वास्थ्य (Environmental Health) लगायतका अन्य स्वास्थ्य प्रवर्धनात्मक मौलिक विधि/प्रविधिहरूको समुचित विकास गरी सर्वसुलभ प्रयोगमा ल्याउन प्रोत्साहन गर्ने ।
  - खाद्यपदार्थजन्य रोग तथा जीवनशैलीसंग सम्बन्धित रोग नियन्त्रणको लागि आयुर्वेद, योग तथा अन्य वैकल्पिक चिकित्साका विशेष कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण गर्ने।
  - आयुर्वेदीय पद्धतिद्वारा कुपोषण न्यूनीकरण एवं कुपोषणजन्य रोगहरूको रोकथाम, उपचार, व्यवस्थापन, प्रोत्साहन तथा सूचना प्रचारप्रसारको प्रबन्ध मिलाउने ।
  - सद्वृत्त, आचार तथा आहार रसायन, नैतिक शिक्षा जस्ता जीवन व्यवहार परिवर्तन (Lifestyle modification) सम्बन्धी ज्ञानलाई प्रचारप्रसार गरी व्यावहारिक प्रयोगमा ल्याई स्वस्थ जीवनशैली प्रवर्धन गर्ने।
  - जैविक खेतीलाई प्रोत्साहन गर्न सहयोग गर्ने।
  - स्वास्थ्यलाई हानि गर्ने प्रशोधित, अप्राकृतिक तथा तयारी खानेकुराहरू (Fast Food), तयारी पेय पदार्थहरू, मदिरा तथा तम्बाकु आदिको सेवनलाई निरुत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन सम्बन्धी नीति र मापदण्ड निर्धारणमा सहजीकरण गर्ने।
  - आयुर्वेदीय जीवनशैली र चिकित्साद्वारा नसर्ने दीर्घ रोग र मानसिक रोगको उपचार एवं व्यवस्थापन तथा ज्येष्ठ नागरिक, मातृ तथा बाल स्वास्थ्य प्रवर्धनका लागि प्रभावकारीता अध्ययन गरी लागु गर्ने।

ख) आयुर्वेद चिकित्सा महाशाखा अन्तर्गतः

- आयुर्वेद सेवा व्यवस्थापन शाखाः
  - आयुर्वेद चिकित्सा सेवा सुदृढीकरण सम्बन्धी कानून, नीति, मार्गदर्शन, गुणस्तर तथा मापदण्ड निर्माण गर्न सहयोग गर्ने।


फोन नं. ०१-५३५२५२५, ५३६७४२५, ५३६९९१०, ११
फ्याक्स ०१-५३६९९१२
Email:doaa.gov.np@gmail.com
Website: www.doaa.gov.np

- आयुर्वेद चिकित्सा उपचार प्रोटोकल, म्यानुअल, निर्देशिका तयार गर्ने।
- आधारभूत स्वास्थ्य सेवामा आयुर्वेदको भूमिकालाई परिभाषित र प्रभावकारी व्यवस्थापनका साथै निरीक्षण, अनुगमन तथा मूल्यांकन गर्ने।
- आयुर्वेद अस्पताल सेवा गुणस्तर सुनिश्चितताका लागि अनुगमन र निरीक्षण गर्ने ।
- निजी तथा गैरसरकारी आयुर्वेद संस्थाहरूको सञ्चालन स्वीकृति अनुगमन सम्बन्धी राष्ट्रिय नीति, निर्देशिका, मापदण्ड निर्माण गर्ने र तोकिए बमोजिम सञ्चालन स्वीकृति दिने ।
- आयुर्वेद अस्पताल फार्मेसी सेवा सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।
- आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सूचनामूलक सामग्री उत्पादन, प्रकाशन र प्रशारण गर्ने।
- आयुर्वेद चिकित्सक एवं अन्य प्राविधिकहरूका लागि सीप विकास र दक्षता अभिवृद्धि सम्बन्धी तालिम आवश्यकता पहिचान एवं कार्यान्वयन गर्ने।
- क्लिनिकल एवं विविध पक्षहरूमा विषयगत प्रस्तुती, सभा, गोष्ठी, सेमिनार वा सम्मेलनको आयोजना कार्यान्वयन तथा आवश्यकतानुसार सहभागिता जनाउने ।
- निःशुल्क आयुर्वेद स्वास्थ्य शिविरका लागि आवश्यक जनशक्ति परिचालन गर्ने।
- परम्परागत स्वास्थ्य सेवा प्रदायकहरूलाई गुणस्तरीय बनाउन आवश्यक कार्य गर्ने।

- **अनुगमन, अनुसन्धान तथा समन्वय शाखाः**
  - अनुगमन तथा मूल्यांकन सम्बन्धी खाका तर्जुमा गर्ने र लागु गर्ने।
  - प्रदेशस्तर र स्थानीय तहबाट सञ्चालित कार्यक्रमहरूको समीक्षा गर्न सहजीकरण गर्ने।
  - सञ्चालित आयुर्वेद कार्यक्रमहरूको प्रभावकारिता अध्ययन एवं अनुसन्धान तथा नयाँ स्वास्थ्य कार्यक्रमहरू तर्जुमा गर्न सहजीकरण गर्ने।
  - आयुर्वेद सम्बन्धी कार्यक्रमहरू तथा प्रगतिको विश्लेषण गर्ने ।
  - आयुर्वेद विकासका लागि वैदेशिक स्रोतको प्रभावकारी परिचालन र उपयोग गर्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्न सहजीकरण गर्ने।
  - आयुर्वेद स्वास्थ्यकर्मीको वृत्तिविकास र दक्षता अभिवृद्धिका लागि तालिम, अध्ययन, भ्रमण आवश्यकता पहिचान, सञ्चालन र मूल्यांकन गर्ने।
  - स्वास्थ्य संस्थाहरूलाई आवश्यक पूर्वाधार विकासका लागि राष्ट्रिय योजना तर्जुमा गर्न सहजीकरण गर्ने।
  - आयुर्वेद सूचना प्रणालीलाई संस्थागत गर्न समन्वय तथा सहजीकरण गर्ने ।
  - स्वास्थ्य सम्बन्धी संघीय, प्रादेशिक तथा स्थानीय तहका अल्पकालीन तथा दीर्घकालीन नीति, रणनीति, योजना तर्जुमा गर्न सहयोग गर्ने।
  - आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न विधाहरूमा हुने अध्ययन र अनुसन्धानका लागि समन्वय गर्ने ।

"मेरो स्वास्थ्य- मेरो जिम्मेवारी"

महानिर्देशक

- आयुर्वेद क्षेत्र मानव संशाधन लगायत तथ्यांकको संकलन, प्रशोधन, विश्लेषण, वितरण, संरक्षण, अद्यावधिक, उपयोग तथा प्रकाशन सम्बन्धी कार्य गर्ने ।
- प्रदेश तथा स्थानीय तहको आयुर्वेदको सम्पर्क इकाईको रूपमा कार्य गर्ने।

ग) वैकल्पिक चिकित्सा महाशाखा अन्तर्गतः

- होमियोप्याथी तथा आम्ची चिकित्सा शाखाः
  - होमियोप्याथी तथा आम्ची चिकित्सा सेवा सुदृढीकरण सम्बन्धी कानून, नीति, गुणस्तर तथा मापदण्ड निर्माणमा सहयोग गर्ने।
  - होमियोप्याथी अस्पताल सेवा गुणस्तर सुनिश्चितताका लागि अनुगमन र निरीक्षण गर्ने।
  - निजी तथा गैरसरकारी होमियोप्याथी र आम्ची चिकित्सा अस्पताल, फार्मेसी अनुगमन सम्बन्धी राष्ट्रिय नीति, निर्देशिका, मापदण्ड निर्माण गर्ने र तोकिए बमोजिम सञ्चालन स्वीकृति सम्बन्धी कार्य गर्ने।
  - होमियोप्याथी फार्मेसी सेवाको गुणस्तर मापन र पृष्ठपोषण गर्ने ।
  - होमियोप्याथी तथा आम्ची विषयगत प्रस्तुती, सभा, गोष्ठी, सेमिनार वा सम्मेलनको आयोजना कार्यान्वयन तथा आवश्यकतानुसार सहभागिता जनाउने ।
  - होमियोप्याथी तथा सोवारिक्पा (आम्ची) को विकास र विस्तार सम्बन्धी अल्पकालीन र दीर्घकालीन नीति योजना तयार गर्न सहजीकरण गर्ने ।
  - हिमाली जिल्लामा परम्परादेखि प्रचलित सोवारिक्पा (आम्ची) उपचार एकाई स्थापनाका लागि सहजीकरण गर्ने।
  - होमियोप्याथी तथा आम्ची चिकित्सा विधा सम्बन्धी अनुसन्धानमूलक कार्यहरूमा सहजीकरण गर्ने।
  - होमियोप्याथी तथा सोवारिक्पा (आम्ची) चिकित्सा क्षेत्रमा अनुसन्धानलाई प्रवर्धन गर्दै अनुसन्धानबाट प्राप्त प्रमाणमूलक व्यवहार वा अभ्यासलाई नीति निर्माण, योजना तर्जुमा, औषधि उपचार पद्धति एवं स्वास्थ्य सेवा प्रवाहमा उपयोग गर्न सहजीकरण गर्ने ।
  - प्राविधिकहरूका लागि तालिम आवश्यकता पहिचान र कार्यान्वयन गर्ने।
- प्राकृतिक तथा अकुपञ्चर चिकित्सा शाखाः
  - प्राकृतिक तथा अकुपञ्चर चिकित्सा सेवा सुदृढीकरण सम्बन्धी कानून, नीति, गुणस्तर तथा मापदण्ड निर्माणमा सहयोग गर्ने।
  - प्राकृतिक तथा अकुपञ्चर अस्पताल सेवा गुणस्तर सुनिश्चितताका लागि अनुगमन र निरीक्षण गर्ने।
  - निजी तथा गैरसरकारी प्राकृतिक तथा अकुपञ्चर चिकित्सा अस्पताल अनुगमन सम्बन्धी राष्ट्रिय नीति, निर्देशिका, मापदण्ड निर्माण गर्ने र तोकिए बमोजिम सञ्चालन स्वीकृति सम्बन्धी कार्य गर्ने ।
  - प्राकृतिक तथा अकुपञ्चर फार्मेसी सेवाको गुणस्तर मापन र पृष्ठपोषण गर्ने ।

"मेरो स्वास्थ्य- मेरो जिम्मेवारी"

महानिर्देशक

- प्राकृतिक तथा अकुपञ्चर विषयगत प्रस्तुति, सभा, गोष्ठी, सेमिनार वा सम्मेलनको आयोजना कार्यान्वयन तथा आवश्यकतानुसार सहभागिता जनाउने ।
- प्राकृतिक तथा अकुपञ्चरको विकास र विस्तार सम्बन्धी अल्पकालीन र दीर्घकालीन नीति योजना तयार गर्न सहजीकरण गर्ने ।
- प्राकृतिक तथा अकुपञ्चर चिकित्सा विधा सम्बन्धी अनुसन्धानमूलक कार्यहरूमा सहजीकरण गर्ने ।
- प्राकृतिक तथा अकुपञ्चर चिकित्सा क्षेत्रमा अनुसन्धानलाई प्रवर्धन गर्दै अनुसन्धानबाट प्राप्त प्रमाणमूलक व्यवहार वा अभ्यासलाई नीति निर्माण, योजना तर्जुमा, औषधि उपचार पद्धति एवं स्वास्थ्य सेवा प्रवाहमा उपयोग गर्न सहजीकरण गर्ने ।
- प्राविधिकहरूका लागि तालिम आवश्यकता पहिचान र कार्यान्वयन गर्ने ।

घ) प्रशासन शाखा अन्तर्गतः

- विभाग स्तरका कर्मचारीहरूको हाजिर तथा बिदा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- विभाग स्तरका कर्मचारीहरूको व्यक्तिगत विवरण अद्यावधिक गर्ने।
- दर्ता, चलानी सम्बन्धी कार्य गर्ने।
- विभागको भवनको सुरक्षा, सरसफाइ, बत्ती, पानी तथा टेलिफोनको प्रबन्ध लगायत आन्तरिक प्रशासन सम्बन्धी अन्य कार्य गर्ने।
- विभागमा रहेका सरसामानहरूको रेखदेख तथा मर्मत सम्भारको व्यवस्था मिलाउने ।
- जिन्सी व्यवस्थापन गर्ने।
- विभागीय कामका सिलसिलामा आइपर्ने अन्य प्रशासनिक कार्यहरू गर्ने।
- विभाग स्तरमा कानूनी परामर्श प्रदान गर्ने।

आर्थिक प्रशासनः

- विभाग र अन्तर्गतको केन्द्रीय वार्षिक आर्थिक विवरण तयार गर्ने ।
- विभाग अन्तर्गत अख्तियारी व्यवस्थापन तथा रकमान्तर गर्ने ।
- अन्तर्गतका शाखाहरूको बजेट निकासा गराउने ।
- आन्तरिक लेखा परीक्षण गराउने ।
- विभाग अन्तर्गतका कार्यालयहरूको अन्तिम लेखा परीक्षण गराउने ।
- बेरुजुको लगत राख्ने ।
- बेरुजु फछ्र्योट गराउने ।
- विभागको कार्य सञ्चालनको निकासा लिने ।
- दैनिक कार्य सञ्चालनको लागि खर्च भएको रकम भुक्तानी दिने ।
- मासिक विवरण तयार गरी पठाउने ।

महानिर्देशक



फोन ☎ नं. M ०१-५३५२५२५, ५३६७४२५, ५३६९९१०, ११
फ्याक्सM ०१-५३६९९१२
Email:doaa.gov.np@gmail.com
Website: www.doaa.gov.np

- आर्थिक प्रशासनसँग सम्बन्धित राय सल्लाह प्रदान गर्ने।
- वार्षिक कार्य योजना तर्जुमा प्रक्रिया तथा कार्यान्वयनमा समन्वय तथा सहयोग गर्ने ।

**४. विभागबाट प्रदान गरिने सेवाः** नागरिक वडापत्र अनुसार

**५. सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारीः**

(क) जडिबुटी, औषधि एवं अनुसन्धान महाशाखाः वरिष्ठ कन्सल्टेन्ट भेषज विज्ञ

(१) जडिबुटी तथा औषधि व्यवस्थापन शाखाः आयुर्वेद चिकित्सक

(२) आयुर्वेद स्वास्थ्य प्रवर्धन शाखाः आयुर्वेद चिकित्सक

(ख) आयुर्वेद चिकित्सा महाशाखाः वरिष्ठ कन्सल्टेन्ट आयुर्वेद विज्ञ

(१) आयुर्वेद सेवा व्यवस्थापन शाखाः आयुर्वेद चिकित्सक

(२) अनुगमन, अनुसन्धान तथा समन्वय शाखाः आयुर्वेद चिकित्सक

(ग) वैकल्पिक चिकित्सा महाशाखाः वरिष्ठ कन्सल्टेन्ट आयुर्वेद विज्ञ

(१) होमियोप्याथी तथा आम्ची चिकित्सा शाखाः होमियोप्याथी चिकित्सक

(२) प्राकृतिक तथा अकुपञ्चर चिकित्सा शाखाः आयुर्वेद चिकित्सक

(घ) प्रशासन शाखाः उपसचिव, लेखा अधिकृत

**कर्मचारी विवरण तालिकाः**

| सि.नं. | महाशाखा / शाखा | कर्मचारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | आयुर्वेद चिकित्सा महाशाखा | डा. श्यामबाबु यादव | वरिष्ठ कन्सल्टेन्ट आयुर्वेद विज्ञ | थप जिम्मेवारीमा जडिबुटि, औषधि एवं अनुसन्धान महाशाखा र वैकल्पिक चिकित्सा महाशाखा |



फोन ☎ नं. M ०१-५३५२५२५, ५३६७४२५, ५३६९९१०, ११
फ्याक्सM ०१-५३६९९१२
Email:doaa.gov.np@gmail.com
Website: www.doaa.gov.np

नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग

टेकु, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | श्री गजेन्द्र नाथ शर्मा | उपसचिव | |
| २. | जडिबुटी तथा औषधि व्यवस्थापन शाखा | डा. पुनेश्वर केशरी | आयुर्वेद चिकित्सक | |
| ३. | आयुर्वेद स्वास्थ्य प्रवर्धन शाखा | डा. वंश दीप शर्मा खरेल | आयुर्वेद चिकित्सक | |
| ४. | आयुर्वेद सेवा व्यवस्थापन शाखा | डा. सरिता बजगाई | आयुर्वेद चिकित्सक | |
| ५. | अनुगमन, अनुसन्धान तथा समन्वय शाखा | डा. पुनेश्वर केशरी | आयुर्वेद चिकित्सक | थप जिम्मेवारी |
| ६. | होमियोप्याथी तथा आम्ची चिकित्सा शाखा | डा. सिद्धार्थ कुमार ठाकुर | होमियोप्याथिक चिकित्सक | होमियोप्याथिक चिकित्सकको दरबन्दी रिक्त रहेको |
| ७. | प्राकृतिक तथा अकुपञ्चर चिकित्सा शाखा | डा. सिद्धार्थ कुमार ठाकुर | आयुर्वेद चिकित्सक | थप जिम्मेवारी |
| ८. | आर्थिक प्रशासन | श्री गायत्री लम्साल | लेखा अधिकृत | |

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः** ऐन कानूनमा तोकिए बाहेक सेवा प्रदान गर्न लाग्ने दस्तुर निःशुल्क र अवधि नियमानुसार।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारः** आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः** महानिर्देशक।

**९. सम्पादन गरेको कामको विवरणः**

- प्राकृतिक चिकित्सा सेवा सुदृढीकरण / प्रवर्धन कार्यक्रम
- सोवारिग्पा / आम्ची चिकित्सा सेवा सुदृढीकरण / प्रवर्धन कार्यक्रम
- अनुगमन समन्वय तथा सहजीकरण (प्रदेश तथा स्थानीय तहमा)
- अन्तर्राष्ट्रिय योग दिवस सम्पन्न
- AHMIS (आयुर्वेद स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली) सुधार तथा स्तरोन्नति तथा User Acceptability test at different level Ayurveda Health Institutions(काभ्रे, धादिङ्ग)
- आयुर्वेद भेषज संहिता (घृत कल्पना खण्ड निर्माण तथा अवलेह कल्पनाको प्रकाशन) निर्माण

"मेरो स्वास्थ्य- मेरो जिम्मेवारी"

महानिर्देशक

फोन ☎ नं. M ०१-५३५२५२५, ५३६७४२५, ५३६९९१०, ११
फ्याक्सM ०१-५३६९९१२
Email:doaa.gov.np@gmail.com
Website: www.doaa.gov.np

नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग

- आयुर्वेद स्वास्थ्य सूचना प्रणाली तालिम सञ्चालन (मधेश प्रदेश)
- अकुपञ्चर चिकित्सा सेवा सुदृढीकरण प्रवर्धन
- राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र, बुढानिलकण्ठ को नवनिर्मित भवनको इन्टेरियर वर्क्स
- राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र, बुढानिलकण्ठवाट स्वर्णविन्दु प्राशन कार्यक्रम संचालन

## १०. विभागीय प्रमुख र सूचना अधिकारीको विवरणः

१. डा. वासुदेव उपाध्याय  महानिर्देशक, सम्पर्क मो.नं. : ९८५१२७३२७८ ईमेल : u.vasudef @yahoo.com

२. डा. पुनेश्वर केशरी आयुर्वेद चिकित्सक (सूचना अधिकारी) , सम्पर्क मो.नं. : ९८४४०५७१७० ईमेल : kesharipuneshwar@gmail.com

## ११. ऐन, नियम, नियमिन वा निर्देशिकाको सूचीः

- आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५
- आयुर्वेद स्वास्थ्य नीति, २०५२
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३
- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- जनस्वास्थ्य सेवा ऐन, २०७५
- गुणस्तरीय जडिबुटी भण्डारण दिग्दर्शन, २०७६
- नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका, २०७६
- जनस्वास्थ्य सेवा नियमावली, २०७७
- स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७७

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः आ.व. २०८२।८३

ब.उ.शि.नं.: ३७००३०११३ (आयुर्वेद सेवा कार्यक्रम)

| खर्च संकेत नम्वर (१) | खर्च शिर्षक (२) | अन्तिम वजेट(३) | २०८३ असार महिना सम्मको निकासा (४) | २०८३ असार महिना को खर्च (६) | २०८३ असार महिना सम्मको खर्च (७) | वजेट वाँकी (१०) |
|---|---|---|---|---|---|---|
| | | ५,४४,०९,२१५।– | ३,५३,००,८७५.८६।– | ६१,८९,९४९.०३।– | ३,५३,००,८७५.८६।– | १,९१,०८,३३९.१४ |

महानिर्देशक



फोन ☎ नं. M ०१-४३५२५२५, ५३६७४२५, ५३६९९१०, ११
फ्याक्सM ०१-५३६९९१२
Email:doaa.gov.np@gmail.com
Website: www.doaa.gov.np

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग
टेकु, काठमाडौं

ब.उ.शि.नं.: ३७००३०११४ (आयुर्वेद सेवा कार्यक्रम)

| खर्च संकेत नम्वर (१) | खर्च शिर्षक (२) | अन्तिम वजेट (३) | २०८३ असार महिना सम्मको निकासा (४) | २०८३ असार महिना को खर्च (६) | २०८३ असार महिना सम्मको खर्च (७) | वजेट वाँकी (१०) |
|---|---|---|---|---|---|---|
| | | ३,९०,००,०००।- | ७५,६७,४८८। | ६९,४८,१३०।- | ७५,६७,४८८।- | ३,१४,३२,५१२।- |

१३. तोकिए बमोजिमका अन्य विवरणः -

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः -

१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः यस विभागको वेबसाइट www.doaa.gov.np रहेको छ।

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः नलिएको।

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः -

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न ताकिएको समयावधिः सूचना वर्गीकरण नगरिएको।

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः यस अवधिमा सूचनाको माग नभएको।

२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः नभएको।

महानिर्देशक

"मेरो स्वास्थ्य- मेरो जिम्मेवारी"

फोन नं. ०१-५३५२५२५, ५३६७४२५, ५३६९९१०, ११
फ्याक्स ०१-५३६९९१२
Email:doaa.gov.np@gmail.com
Website: www.doaa.gov.np